मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
वागमती प्रदेश, नेपाल

फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

च.नं
प.सं ०७९/०८०

मितिः- २०७९/०५/०७

## ध्यानाकर्षण

मन्थली नगरपालिका प्रमुख प्रशासकीय अधिकृत र नगरपालिकाका विरुद्ध विभिन्न अनलाईन मिडियामा आएका भ्रामक कपोकल्पित र निजी स्वार्थ प्रेरित समाचार प्रति यस नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । मन्थली नगरपालिकाबाट निर्माण भएका सडक भवन र मन्दिरहरु नगरका वार्षिक कार्यक्रममा समावेश भई उपभोक्ता समितिबाट सञ्चालित योजनाहरु मन्थली नगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५, सार्वजनिक खरिद ऐन २०६३ (शंसोधन सहित)र सार्वजनिक खरिद नियमावली २०६४ (शंसोधन सहित) बमोजिम प्रक्रिया पुरा गरेर सञ्चालन गरिएको तथा वडा र नगरस्तरीय अनुगमन समितिको अनुगमन प्रतिवेदन र भुक्तानी सिफारिस तथा कार्य सम्पन्न प्रतिवेदनका आधारमा फरफारक गरिएको छ ।

नगरपालिकामा रहेका गाडी बिग्रिएर मर्मत गराउदा स्टमेट गराई स्टमेटका आधारमा मर्मत गर्ने गरिएको र प्रयोगको औचित्यताका आधारमा सम्बन्धित व्यक्तिबाट माग फाराम गराएर मात्र ईन्धन खर्च गर्ने गरिएको छ ।

मन्थली माविको भवन निर्माण लगायत अन्य कार्यका लागि यस विद्यालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट नमुना विद्यालयमा छनौट भई सशर्त अनुदानबाट कार्यक्रम सञ्चालनमा रहेको र कुनै पनि आर्थिक वर्षमा नगरपालिकाबाट करोडौ रकम विनियोजन भएको छैन । नमुना माध्यामिक विद्यालयको कार्यक्रम सञ्चालन हुँदा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेख भए बमोजिम विद्यालयबाट नै निर्णय गरी खर्च गर्ने र सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण तथा लेखा परीक्षण गराउने दायित्व समेत सम्बन्धित विद्यालयको नै भएकाले कार्यक्रम सञ्चालनमा कार्यालय प्रमुखको भूमिका रहने अवस्था नहुने व्यहोरा अवगत गराउदछौ । त्यस्तै मन्थली नगरपालिकामा सञ्चालित सबै सामुदायिक विद्यालयमा निशुल्क अध्ययन अध्यापन गराउन सबै विद्यालयलाई लिखित तथा मौखिक रुपमा निर्देशन भई रहेको नै छ ।

नगरसभा वार्षिक नीति तथा कार्यक्रम र वजेट प्रत्यायोजित अधिकारको प्रयोग गरी नगर प्रमुख स्तरीय निर्णयबाट सञ्चालित योजना भन्दा वाहेक योजना वितरणमा मन्थली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको कुनै भूमिका नहुने र त्यस भन्दा वाहेक कुनै पनि योजना छनौट नभएको र सहकारी तथा समुहका माध्यमबाट सञ्चालत कृषि फर्महरुमा नगरसभाबाट स्वीकृत कार्यक्रम र सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रममा कार्यक्रम मागका आधारमा सशर्त अनुदान कार्यक्रम सञ्चालन कार्यविधिमा उल्लेख भए बमोजिम कार्यक्रम माग गरी प्रक्रिया पुरा भएका सहकारी समुह र कृषि फर्महरुमा तोकिएका कार्यक्रम तोकिएको प्रक्रिया बमोजिम छनौट गरी कार्य सम्पादनमा भएको उपलब्धीका आधारमा उपलब्ध गराईएको जानकारी गराईन्छ ।

अन्तमा प्रचलित कानून विपरित कुनै कार्य नभएको हुँदा निहित स्वार्थमा रहेर अतिरञ्जित भ्रामक र चरित्र हत्या गर्ने प्रकृतिको समाचार विना प्रमाण सामाजिक सञ्जालमा देखिएका समाचारमा कुनै सत्यता नभएको व्यहोरा समेत अनुरोध छ ।

मन्थली नगरपालिका